**आकाशवाणी समाचार- नेपाली**

मितिः ०१ अक्टुबर २०२४

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा जमैकाका प्रधानमन्त्री डा एन्ड्र्यु होलनेससँग प्रतिनिधि मण्डल स्तरीय वार्ता गर्नु हुनेछ।

२. आज जम्मू कश्मीरमा विधानसभा चुनावको तेस्रो र अन्तिम चरणको मतदान हुँदैछ र चुनावका लागि सबै तयारी पूरा भएको छ।

३. दिल्ली पुलिसले राष्ट्रिय राजधानी क्षेत्रका तीन जिल्लाहरुमा शनिबारसम्म विरोध प्रदर्शन र पाँच वा बढी व्यक्तिहरूको अनाधिकृत भेलामा प्रतिबन्ध लगाएको छ।

४. केन्द्रले बाढी प्रभावित राज्यहरू गुजरात, मणिपुर र त्रिपुरालाई राष्ट्रिय आपदा प्रतिक्रिया कोषबाट 675 करोड रूपियाँ जारी गर्न अनुमोदन गरेको छ।

५. लेबनानमा इजरायलले अब जमिन आक्रमणको तयारी गरेको छ भने हिजबुल्लाह कमाण्डर हसन नसरुल्लाह मारिएपछि दुई देशबीच तनाव बढेको छ।

**प्रधानमन्त्री र जमैकाबीच द्विपक्षीय वार्ता**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा जमैकाका प्रधानमन्त्री डा एन्ड्र्यु होलनेससँग प्रतिनिधि मण्डल स्तरीय वार्ता गर्नु हुनेछ। वार्ताका क्रममा दुई देशबीच द्विपक्षीय सम्बन्धलाई मजबुत बनाउन विभिन्न सम्झौतामा हस्ताक्षर हुने सम्भावना छ। डा. एन्ड्र्यू होलनेसको यो पहिलो भारत भ्रमण हो। उहाँले राष्ट्रपति र उप राष्ट्रपतिसँग पनि भेट गर्नु हुनेछ। चारदिने भ्रमणका क्रममा उहाँले उद्योगी तथा व्यवसायीहरुसँग भेटघाट गर्नु हुनेछ। जमैकाका प्रधानमन्त्रीले भोलि वाराणसीको भ्रमण गर्नु हुनेछ।

****** ० ******

**जम्मू कश्मीर - मतदान**

जम्मू कश्मीरमा विधानसभा चुनावको तेस्रो र अन्तिम चरणको मतदानका लागि सबै तयारी पूरा भएको छ। सात जिल्लाका ४० निर्वाचन क्षेत्रमा शान्तिपूर्ण रुपमा मतदान गर्न सुरक्षा व्यवस्था कडा बनाइएको छ। मतदान आज बिहान ७ बजेबाट शुरु भईसकेको छ भने साँझ ६ बजे समाप्त हुनेछ। सबै मतदान केन्द्रमा न्यूनतम आधारभूत सुविधाको सुनिश्चित गरिएको छ भने २० हजारभन्दा बढी मतदान कर्मचारी ड्युटीमा खटिएका छन्। कश्मीर डिभिजनको बारामुल्ला, कुपवाडा र बांदीपोराका सात जिल्ला र जम्मु डिभिजनको जम्मू, उधमपुर, कठुआ र साम्बा जिल्लामा पाँच हजार ६० मतदान केन्द्रहरू स्थापना गरिएको छ। हिजो साँझसम्म कर्मचारी र मेसिनरीहरु आ–आफ्नो मतदान केन्द्रमा पुगिसकेका हाम्रा संवाददाताले जानकारी दिएका छन्। यस चरणमा ३९ लाखभन्दा बढी मतदाताले ४१५ उम्मेदवारहरुको भाग्यको फैसला गर्नेछन्। चुनावी मैदानमा मुख्य उम्मेदवारहरू पूर्व उप मुख्यमन्त्रीहरू मुजफ्फर हुसेन बेग, बशारत बुखारी, सज्जाद गनी लोन र काश्मिर डिभिजनमा नासिर असलम वानी र जम्मू डिभिजनमा दविन्द्र सिंह राणा, चौधरी लाल सिंह र रमन भल्ला छन्।

केन्द्र शासित प्रदेशमा पहिलो दुई चरणको मतदान 18 र 25 सेप्टेम्बरमा भएको थियो। पहिलो चरणमा ६१ प्रतिशतभन्दा बढी र दोस्रो चरणमा ५७ प्रतिशतभन्दा बढी मतदान भएको थियो। यस महिनाको ८ तारिखमा हरियाणा चुनावसँगै सबै चरणको मतगणना हुनेछ।

****** ० ******

**दिल्ली पुलिस**

दिल्ली पुलिसले राष्ट्रिय राजधानी क्षेत्रका तीन जिल्लाहरुमा शनिबारसम्म विरोध प्रदर्शन र पाँच वा बढी व्यक्तिहरूको अनाधिकृत भेलामा प्रतिबन्ध लगाएको छ। मध्य दिल्ली, नयाँ दिल्ली र उत्तरी दिल्लीमा कानून र व्यवस्था कायम राख्न यो निर्णय लिइएको हो। भारतीय नागरिक रक्षा संहिताको धारा १६३ अन्तर्गत निषेधाज्ञा आदेश हिजोदेखि लागू भएको छ र यो महिनाको ५ तारिखसम्म जारी रहनेछ। दिल्लीका पुलिस आयुक्त सञ्जय अरोडाले जारी गर्नु भएको आदेशमा दिल्लीको वातावरण धेरै वर्तमान मुद्दाहरूमा संवेदनशील रहेको उल्लेख गरिएको छ। जम्मू-कश्मीर र हरियाणा विधानसभा चुनावलाई ध्यानमा राख्दै, दिल्लीको सीमानाबाट मानिस र सवारी साधनको आवत-जावतलाई निरन्तर निगरानी गर्न आवश्यक छ। भोलि २ अक्टोबरमा महात्मा गान्धी जयन्तीमा विशिष्ट व्यक्तिहरूको उपस्थिति पनि विशेष सावधानी अपनाउनु पर्ने कारण हो।

****** ० ******

**सामाजिक न्याय सम्मेलन**

केन्द्रीय सामाजिक न्याय र अधिकारिता मन्त्री डा वीरेन्द्र कुमारले आज नयाँ दिल्लीमा अपाङ्गता पुनर्स्थापना सेवा र विशेष शिक्षाको क्षेत्रमा राष्ट्रिय स्तरमा शीर्ष स्थान हासिल गर्ने विद्यार्थीहरूलाई सम्मान गर्नु हुनेछ। राष्ट्रिय पुनःस्थापना परीक्षा बोर्डले आयोजना गर्ने दीक्षान्त समारोहमा उहाँ सहभागी हुनु हुनेछ। यो बोर्ड अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण विभाग अन्तर्गत भारतीय पुनर्वास परिषद्सँग सम्बद्ध छ। सो अवसरमा सामाजिक न्याय तथा अधिकारिता राज्यमन्त्री बीएल वर्मा र रामदास आठवले पनि उपस्थित हुनेछन्।दीक्षान्त समारोहको उद्देश्य विशेष शिक्षा र पुनर्स्थापना सेवाको क्षेत्रमा उत्कृष्ट प्रदर्शन गरेका विद्यार्थीहरूको उपलब्धिलाई मान्यता दिनु हो। कार्यक्रमले अकादमिक उत्कृष्टताको पहिचान मात्र गर्दैन तर सीप विकास र व्यावसायिक प्रतिबद्धतामा पनि ध्यान केन्द्रित गर्नेछ, जसले भावी पुस्तालाई प्रेरणा दिनेछ। सो अवसरमा राष्ट्रिय स्तरमा उत्कृष्ट स्थान हासिल गरेका विद्यार्थीका शिक्षक तथा अभिभावकहरुलाई समेत आमन्त्रण गरिएको छ।

****** ० ******

**स्वास्थ्य – मसौदा दिशानिर्देश**

स्वास्थ्य मन्त्रालयले गम्भीर बिमार भएका बिरामीहरूबाट जीवन समर्थन फिर्ता लिन सर्तहरू तोक्दै नयाँ दिशानिर्देशहरू जारी गरेको छ र डाक्टरहरूलाई धेरै आधारमा बुद्धिमानीपूर्वक निर्णय लिन सल्लाह दिइएको छ। निको नहुने रोगका बिरामीलाई चार सर्तमा मात्रै लाइफ सपोर्ट सिस्टम हटाउन सकिने मन्त्रालयले जनाएको छ। यस अनुसार निको नहुने रोगबाट पीडित बिरामीलाई लाइफ सपोर्ट जारी राख्न अपरिहार्य भएमा र बिरामीको परिवार वा प्रतिनिधिले लाइफ सपोर्ट सिस्टम हटाउन सहमत भएमा अस्पतालको मेडिकल बोर्डको स्वीकृतिमा लाइफ सपोर्ट हटाउन सकिनेछ। यदि व्यक्ति ब्रेन डेड घोषित भएमा लाइफ सपोर्ट सिस्टम पनि हटाउन सकिन्छ। यसमा सर्वोच्च अदालतले तोकेको कार्यविधि पनि समावेश छ।मन्त्रालयले टर्मिनल रोगको अवस्थामा जीवन बचाउने उपचार गैर-लाभकारी हुने र त्यसैले अनुपयुक्त भएको बताएको छ। यो दृष्टिकोणलाई विश्वभर आईसीयू हेरचाहको लागि मानक मानिन्छ र धेरै अधिकार क्षेत्रहरूले समर्थन गरेको छ। मन्त्रालयले यस्ता निर्णयहरूमा चिकित्सा, नैतिक र कानुनी विचारहरू समावेश गरेको बताएको छ।

****** ० ******

**रक्षा सम्झौता**

भारतीय सेनाले सरकारको प्रमुख पहल डिफेन्स एक्सिलेन्स इन इनोभेसन अन्तर्गत आठौं खरिद सम्झौतामा हस्ताक्षर गरेको छ। रक्षा मन्त्रालयले भनेको छ कि क्वान्टम सिक्योरको जेनेरेसन खरिदका लागि सम्झौतामा हिजो नयाँ दिल्लीमा डिप्टी चिफ अफ डिफेन्स स्टाफ लेफ्टिनेन्ट जनरल एनसी राजा सुब्रमणिको उपस्थितिमा हस्ताक्षर भएको थियो। यो सम्झौताले एल्गोरिदममा आधारित इन्क्रिप्सन प्रणालीलाई प्रतिस्थापन गर्नेछ र थप सुरक्षा सुनिश्चित गर्नेछ। हाल भारतीय सेनाका 74 वटा डिफेन्स एक्सिलेन्स इनोभेसन प्रोजेक्टहरू नवीन प्रविधि विकास अन्तर्गत छन् जसको विकासको लागि 77 स्टार्टअप उद्यमहरूको सहयोग लिइएको छ।

****** ० ******

## केन्द्रीय वित्त पोषित राज्य

केन्द्रले बाढी प्रभावित राज्यहरू गुजरात, मणिपुर र त्रिपुरालाई राष्ट्रिय आपदा प्रतिक्रिया कोषबाट 675 करोड रूपियाँ जारी गर्न अनुमोदन गरेको छ। कुल रकममध्ये गुजरातका लागि ६०० करोड, मणिपुरका लागि ५० करोड र त्रिपुराका लागि २५ करोड रुपियाँ स्वीकृत गरिएको छ। यी राज्यहरू यस वर्ष दक्षिण-पश्चिम मनसुनमा अत्यधिक भारी वर्षा, बाढी र पहिरोबाट प्रभावित भएका छन्। गृह मन्त्रालयले जारी गरेको विज्ञप्तिमा केन्द्र सरकार बाढी प्रभावित राज्यलाई सम्भावित सबै सहयोग उपलब्ध गराउन प्रतिबद्ध रहेको बताएको छ। यस वर्षको अवधिमा असम, मिजोरम, केरला, त्रिपुरा, नागाल्याण्ड, गुजरात, आन्ध्र प्रदेश, तेलंगाना र मणिपुर मुसलधारे वर्षा, बाढी र पहिरोका कारण प्रभावित भएको मन्त्रालयले जनाएको छ। घटनास्थलमा क्षतिको आकलन गर्न यी सबै राज्यमा अन्तर मन्त्रालयीय केन्द्रीय टोली खटाइएको छ। अन्तर मन्त्रालयीय केन्द्रीय टोलीको प्रतिवेदन आएपछि बाँकी राज्यहरुलाई थप आर्थिक सहायता दिन निर्णय गरिने मन्त्रालयले जनाएको छ।गृह मन्त्रालयले बिहार र पश्चिम बंगालका बाढी प्रभावित राज्यहरूमा भएको क्षतिको आकलन गर्न अन्तर-मन्त्रालयीय केन्द्रीय टोली पनि छिट्टै पठाइने बताएको छ।

****** o ******

## इजरायल-लेबनान

लेबनानमा विगत दुई सातादेखि लगातार हवाई हमला गरेपछि इजरायलले अब जमिन आक्रमणको तयारी गरेको देखिन्छ। हिजबुल्लाह कमाण्डर हसन नसरुल्लाह मारिएपछि दुई देशबीच तनाव बढेको छ।**बाइट**हिजबुल्लाहले जमिन आक्रमणको सामना गर्न आफ्नो तयारी गरेको दाबी गरेको छ। यस आतंकवादी समूहका उप कमाण्डर नईम कासिमले नसरुल्लाहको हत्यापछि यो पहिलो सार्वजनिक बयान दिएका छन्। इजरायली हवाई आक्रमणले लेबनानमा ठूलो क्षति पुर्‍याएको छ। ठूलो संख्यामा मानिसहरु मारिएका छन् भने धेरै विस्थापित भएका छन्। लेबनान सरकारले १,००० व्यक्तिको मृत्यु भएको र १० लाख मानिस आफ्नो घर छोडेर अन्यत्र शरण खोजेको जानकारी दिएको छ। गत वर्ष ७ अक्टोबरमा इजरायल विरुद्ध प्यालेस्टिनी आतंकवादी समूह हमासले आक्रमण गरेदेखि इजरायलले सीमा क्षेत्रमा व्यापक जवाफी कारबाही गरेको छ। नसरुल्लाह र अन्य हिजबुल्लाह कमाण्डरको हत्यापछि समूहलाई ठूलो धक्का लागेको छ। अन्तर्राष्ट्रिय समुदायले स्थितिलाई नजिकबाट नियालिरहेको छ र यस क्षेत्रमा थप तनाव बढ्दै गएकोमा चिन्तित छ।

****** o ******

## इन्डोनेसिया - फेक न्यूज टास्क फोर्स

इन्डोनेसियामा यसै वर्ष नोभेम्बरमा क्षेत्रीय चुनाव हुँदैछ। यस अवधिमा, यसले झुटा समाचार र अनलाइन गलत सूचनालाई सम्बोधन गर्न एन्टी फ्रड टास्क फोर्स गठन गर्ने तयारी गरेको छ। यो टास्क फोर्सले इन्डोनेसियालीहरूले व्यापक रूपमा प्रयोग गर्ने डिजिटल प्लेटफर्महरूसँग सहकार्य गर्नेछ। सार्वजनिक सूचना तथा सञ्चारका महानिर्देशक प्रभु रेभोलुसीले चुनाव सम्बन्धी गलत सूचनाको फैलावट रोक्न डिजिटल प्लेटफर्मलाई सक्रियतापूर्वक सहभागी गराउनका लागि अवसर उपलब्ध गराएको बताउनु भएको छ।2024 मा क्षेत्रीय चुनाव २७ नोभेम्बरमा इन्डोनेसियाभरि एकैसाथ आयोजना हुने तय गरिएको छ।

****** o ******

## युरोपेली आयोग - युक्रेन

युरोपेली आयोगले G-7 देशहरू अक्टोबरको अन्त्यसम्ममा युक्रेनबाट ५० अर्ब डलर ऋणका लागि राजनीतिक सहमतिमा पुग्न चाहेको बताएको छ। यसले युक्रेनलाई वर्षको अन्त्य अघि नगद प्रदान गर्नेछ। युक्रेनलाई यी ऋणहरू पश्चिममा अवस्थित जफत गरिएका रूसी सम्पत्तिहरूबाट प्राप्त नाफाबाट फिर्ता गर्नु पर्नेछ। यी सम्पत्तिहरूको दुई तिहाइभन्दा बढी, लगभग 210 अरब यूरो, यूरोपीय संघमा छ। G7 देशहरूमा अमेरिका, क्यानडा, जापान, ब्रिटेन, फ्रान्स, जर्मनी र इटाली छन्।

****** o ******

## क्रिकेट

कानपुरमा जारी क्रिकेट टेस्ट म्याचको आज अन्तिम दिनमा बंगलादेशले आफ्नो दोस्रो इनिङ्समा २ विकेटमा २६ रनले अगाडि खेल्नेछ। भारतका लागि अश्विनले दुवै विकेट लिए। यस अघि हिजो चौथो दिन भारतले ५२ रनको अग्रता लिएर ९ विकेट गुमाएर २८५ रन बनाएर पहिलो इनिङ्स घोषणा गरेको थियो। भारतीय टोलीले टेस्ट क्रिकेटको इतिहासमा सबैभन्दा छिटो ५०, १००, १५०, २०० र २५० रन बनाएको छ। ओपनर यशस्वी जैसवालले ३१ बलमा अर्धशतक पुरा गरेका थिए। यो कुनै भारतीय ओपनिङ ब्याट्सम्यानको सबैभन्दा छिटो अर्धशतक हो। के.एल. राहुलले ४३ बलमा ६८ रनको उत्कृष्ट इनिङ खेले। बंगलादेश आफ्नो पहिलो

इनिङ्समा २३३ रनमा अलआउट भएको थियो। जसप्रित बुमराहले ३ विकेट लिएका थिए। बंगलादेशका लागि मोमिनुल हकले सर्वाधिक १०७ रन बनाए ।चेन्नईमा भारतसँगको पहिलो टेस्ट हारेको बंगलादेश दुई खेलको शृङ्खलामा १–० ले पछि छ।

****** ० ******